# फिदिम नगरपालिका

**Phidim Municipality**

**नगर कार्यपालिकाको कार्यालय**

**Office of Municipal Executive**

फिदिम, पाँचथर

Phidim, Panchthar

१ नं. प्रदेश, नेपाल

1 No. Province, Nepal

फोन नं ०२४-५२०१०७

Phone No. 024-520107


प.सं./L.No. :- ०७४/०७५

च.नं./Ref.No. :- २५

मिति/Date :- २०७४/०५/२१

विषय / Subject:- *परीपत्र सम्वन्धमा ।*

**वडा कार्यालय सबै**

प्रस्तुत विषयमा यस फिदिम नगरपालीका को वडा कार्यालय वाट सँचालन हुने सामाजिक सुरक्षा, योजना सन्चालन र बैक खाता निम्न अनुसार गर्न हुन अनुरोध छ ।

## सामाजिक सुरक्षा तर्फ

१) सामाजिक सुरक्षा भत्ता वैक वाट वितरण गर्नका लागी तोकिएको बैकमा भत्ता पाउने व्याक्तीहरुको खाता खोल्न लगाउनु पर्ने,

२) नगरपालिकामा मिति २०७४/०५/१६ गते वसेको वैंकहरु र न.पा विचको वैठकको निर्णय भए वमोजिम नियमानुसार गर्ने

- वडा नं. ७ का सामाजिक सुरक्षा भत्ता लिने लाभग्राहिहरुको वैंक खाता सप्तकोशि विकास वैंक लि. मा खोल्ने
- वडा नं. ८ का सामाजिक सुरक्षा भत्ता लिने लाभग्राहिहरुको वैंक खाता सिभिल वैंक लि. मा खोल्ने
- वडा नं. ९ र १४ का सामाजिक सुरक्षा भत्ता लिने लाभग्राहिहरुको वैंक खाता नेपाल वंगलादेश वैंक लि. मा खोल्ने
- वडा नं. १० र १३ का सामाजिक सुरक्षा भत्ता लिने लाभग्राहिहरुको वैंक खाता एन.आई.सि एसिया वैंक लि. मा खोल्ने
- वडा नं. ११ का सामाजिक सुरक्षा भत्ता लिने लाभग्राहिहरुको वैंक खाता माछापुच्छ्रे वैंक लि. मा खोल्ने
- वडा नं. १२ का सामाजिक सुरक्षा भत्ता लिने लाभग्राहिहरुको वैंक खाता एन.एम.वि वैंक लि. मा खोल्ने
- वडा नं. १-६ सम्म सार्विक बमोजिम नै हुने

३) सम्वन्धित माथि तोकिएको वैंकले एउटा वडाको कम्तिमा ७ (सात) स्थानमा गई वैंक खाता खोलाउने भएकोले सम्वन्धित वैंकसंग समन्वय गरी लाभग्रहीहरुलाई उपस्थितिको व्यवस्था मिलाउने ।

४) सम्वन्धित लाभग्रहिहरुको नागरिकताको प्रतिलिपी र पासपोर्ट साईजको फोटोको आवश्यकता पर्ने भएकोले त्यसको व्यवस्था मिलाई राख्ने ।

५) वैंकले निशुल्क रुपमा खाता खोलि दिने र अनिवार्य रुपमा एस.एम.एस प्रणलिको व्यवस्था हुने भएकोले अनिवार्य रुपमा मोवाईल नम्वर उल्लेख गर्न लगाउने ।

६) जिरो व्यालेन्समा खाता खोल्ने र भुक्तानी व्यवस्था भएकोले सोही व्यवस्था मिलाउने ।

७) ल्याप्चे र अशक्तको हकमा संरक्षक र जनप्रतिनिधीको रोहवरमा सम्वन्धित व्याक्तिहरुलाई उपलव्ध गराउने सहमति भएकोले सोहि व्यवस्था मिलाउने ।

८. ल्याप्चेको हकमा सम्वन्धित जनप्रतिनिधी वा संरक्षकलाई चेक मार्फत उपलव्ध गराउने सहमती भएको हुँदा सोही व्यवस्था मिलाउने ।

## अन्य तर्फ

१) वडा कार्यालयबाट आ.ब. २०७४/०७५ को स्वीकृत भएका योजनाहरु को मिति २०७४/०८/३० भित्रमा नियम अनुसार उपभोक्ता समिति गठन गरी सोको जानकारी नगर कार्यपालिकामा पठाउने,

२) आन्तरिक आम्दामी आ. ब. २०७४/०७५ को नगर सभावाट पारित भए बमोजिम कर दस्तुर लगाउने,

३) नगरपालीकाको कार्यलय को जिन्सी शाखाबाट रसिद नियन्त्रण खातामा दर्ता भएको रसिद प्रयोग गर्ने,

४) नगरपालिकाको संचित खाता न. ०६७०३००००००००४००१००८ मा दाखिला गरि सोको भौचर सहित आन्तरिक आम्दामीको प्रगति प्रत्येक महिनाको७ गतेभित्र अनिवार्य यस कार्यालयको आर्थीक प्रशासन शाखामा पठाउने,

गुरुदत्त सुवेदी
कार्यकारी अधिकृत

५) वडा कार्यालयमा कार्यरत कर्मचारीहरु तथा जन प्रतिनिधीहरुको तलव भत्ताका लागी एन.एम.वि वैंकमा खाता खोल्ने
६) वडा कार्यालयले प्राप्त वजेट खर्च गर्दा प्रचलित अधिकार ऐन नियमको पुर्ण पालना गरी हरेक महिनाको ७ गते भित्र वैंक नगदी किताबमा खर्च जनाई खर्चको फाँटवारी पेश्की वितरण समेत नगरपालिकाको कार्यालयमा अनिवार्य पेश गर्ने
७) वडा कार्यालयले सिफारिस गर्दा अनिवार्य रुपमा नगरसभा पारित राजश्वको दररेट अनुसार नगदी रसिद काटी रकम सिफारिस पत्रमै खुलाई वुझ्ने र वुझाउने दुवैको दस्तखत समेत गर्ने व्यवस्था गर्ने
८) घरको मुल्याङकन सिफारिस गर्दा घर भएको व्यहोरा खुलाई मुल्याङकनको लागी नगरपालिकामा पठाउने
९) उपभोक्ता समिति गठन गरी प्राविधिक स्टिमेट गर्नको लागी कम्तिमा ५ वटा योजनाको लागी वडा कार्यालयमा प्राविधिक माग गर्ने
१०) वडा कार्यालयमा सुचना अधिकारी तोक्नु पर्ने
११) वडा कार्यालयमा भएका जिन्सी विवरण फिदिम नगरपालिकाको जिन्सी शाखामा दर्ता गरि सामाग्री वुझी लाने ।
१२) वडा स्तरमा नया ट्याक खोल्ने सडक कम्तिमा ६ मिटरको चौडा हुनु पर्ने ।
१३) वडा कार्यालयवाट विनियोजित रकमवाट संचालित योजनाहरु वडा कार्यालयवाट फछ्यौट हुने/प्राविधिक सहयोग न.पा को हुने
१४) नक्सा पास नभई निर्माणधिन सवै किसिमका घरहरुलाई नक्सा पास गरी निर्माण गराउनु पर्ने
१५) विद्युत, खानेपानी जडानको सिफारिस गर्दा अनिवार्य रुपमा नक्सा पास भएको वा अभिलेखीकरण भएका घरहरुलाई मात्र सिफारिस गराउने
१६) भवन निर्माणको लागी वडा कार्यालय/न.पा वाट वजेट विनियोजन भएकोमा अनिवार्य रुपमा नक्सा पास गर्न लगाउने
१७) नगरसभावाट पारित राजश्वका दररेटहरु लागु भइसकेकाले नयाँ दररेट अनिवार्य रुपमा लागु गर्ने
१८) व्यवसाय दर्ता गर्दा आफ्नै घरमा संचालन गरेकोमा नक्सा र जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपी संलग्न गर्नुपर्ने र भाडामा संचालन गर्ने भए अनिवार्य रुपमा घरभाडा सम्झौता वमोजिम घर वहाल कर लिई मात्र गरिदिने
१९) वडा कार्यालय अर्न्तगत रहेका स्वास्थ्य चौकी, उपस्वास्थ्य चौकी, आयुर्वेद कार्यालय, शहरि स्वास्थ्य केन्द्र एक गाउँ एक प्राविधिक तथा वडा कार्यालयमा कार्यरत सचिव लगायतका अन्य कर्मचारीहरुको मासिक रुपमा हाजिर प्रमाणित गरि पठाउने
२०) आगामी कार्यपालिकाको वैठकमा आउदा त्यस वडा कार्यालय अर्न्तगत रहेको स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, शहरी स्वास्थ्य केन्द्र, सामुदायिक स्वास्थ्य इकाईहरु, आयुर्वेद औषधालय संचालन तथा व्यवस्थापन समिति व्यवस्थापन समितिको प्रस्ताव पेश गर्ने र वडा अध्यक्षको अध्यक्षतामा प्रस्ताव राख्ने र प्रस्ताव पेश गर्दा
महिला, दलित, आदिवासी जनजाती, समाजसेवी वुद्धिजिवि तथा सम्वन्धित निकायको विषय विज्ञलाई आधार मानि ७ - ११ जना सम्मको प्रस्ताव गर्ने
२१) मालपोत कार्यालयमा घर कायम गर्न लेखी पठाउदा नगरपालिकाले प्रदान गरेको घर सम्पन्न प्रमाण पत्र वा अभिलेखीकरण प्रमाण पत्र भएमा मात्र सिफारिस गर्ने अन्यथा सिफारिस नगर्ने

## उपभोक्ता समिति तर्फ

यस कार्यालयबाट चालु आ.व. ०७४।०७५का लागि २०७४/०५/१३ गतेको नगरसभावाट वजेट बिनियोजन भई सकेको हुदाँ उक्त कार्यक्रमहरु संचालन गर्न सबै वडा समितिबाट तपशिल उल्लेखित शर्तहरुको आधारमा उपभोक्ता समिति गठन गरी वडावाट विनियोजित भएको योजनाको हकमा सम्झौता गरी कार्य अगाडी वढाउने तथा न.पा वाट विनियोजित वजेटको हकमा उपभोक्ता समिति गठन गरि सम्झौताको लागी न.पा पठाउने ।

१. उपभोक्त समितिको गठन सर्म्बन्धित आयोजना स्थलमा नै आयोजनाबाट प्रत्यक्ष लाभ प्राप्त गर्ने लाभान्वित समुहको भेला बोलाई ७ देखि ११ सदस्यीय समिति गठन गर्नु पर्नेछ साथै यो समितिका सदस्यहरु सामान्यतया साक्षर हुनुपर्नेछ । यसरी गठन गरिएको समितिथको पधदाधिकारीको नाम ,ठेगाना नागरिकताको प्रतिलिपि सहित बाबु बाजेको नाम समेत उल्लेख गरि पठाउनुपर्नेछ ।
२. उ.स. गठन गर्दा सर्वसम्मत तरिकाले चयन गर्नु पर्नेछ ।
३. उ.स.को सदस्यहरु मध्ये ३३ प्रतिशत महिला सदस्य अनिवार्य हुनु पर्नेछ ।
४. उ.स. को अध्यक्ष, सचिब र कोषाध्यक्ष मध्ये एक जना महिला अनिवार्य हुनु पर्नेछ र एक ब्यक्ति एक भन्दा बढि समितिको सदस्य हुन पाउने छैन साथै एकासगोलका परिवरबाट एक जना भन्दा बढि व्यक्ति सदस्य हुन पाईने छैन ।
५.उ.स मा उपलब्ध एवं संभव भएसम्म महिला, आदिवासी जनजाती, पिछडिएको वर्ग समेतको प्रतिनिधित्व सुनिश्चित गर्नु पर्ने छ ।
६. उ.स. ले अनिवार्य रुपमा आफ्नो वैंक खाता अध्यक्ष, सचिव र कोषाध्यक्ष तिनै जनाको दस्तखतवाट संचालन गनुर्पने छ ।
७. तोकिएको समयभित्र उ.स गठन नभएमा कार्यालयले अन्य वैकल्पिक माध्यमवाट आयोजना संचालन गर्न सक्नेछ ।
८. उपभोक्ता समिति गठन गर्दाकै वखतमा कम्तिमा १ जना महिला सहित ५ जना उपभोक्ताहरु सदस्य रहने गरी एक अनुगमन समिति गठन गर्नु पर्नेछ ।
९. उपभोक्ता समिति गठन भएको ७ (सात) दिन भित्र योजना सम्झौताको लागी अनिवार्य कार्यालयमा सम्पर्क राख्नुपर्नेछ । अन्यथा कार्यालयले अन्य वैकल्पिक माध्यमवाट आयोजना संचालन गर्न सक्नेछ ।
१०. उ.स ले संचालन गर्ने गरी सम्झौता भएको योजना तथा कार्यक्रम उ.स ले अन्यवाट कार्यान्वयन गराउन पाउने छैन । उपभोक्ता समिति मार्फत आवश्यक प्रक्रिया पुरा गरि भरि मेशिन प्रयोग गरेमा नियमानुसार भाडाकर कट्टि गरिनेछ ।
११. लाभको पदमा रहने व्याक्ति, स्थानीय तहको जन निर्वाचित र वहालवाला शिक्षक, कर्मचारी, निर्माण व्यवसायी, अदालतवाट नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाई उक्त सजाय भुक्तान गरेको तिन वर्ष ननाघेको व्याक्ति, सार्वजानिक सम्पति हिनामिना गरेको व्याक्ति उपभोक्ता समितिको सदस्य हुन पाउने छैन ।

गुरुदत्त सुवेदी
कार्यकारी अधिकृत

१२.विगत आर्थिक वर्षहरुमा संचालन भएका योजनाहरुको फरफारक नगराउने र पेशिक वेरुजु भएका व्याक्तिलाई यस योजनाको उ.स को सदस्यमा राख्न पाइने छैन ।

१३. आयोजना संचालन हुने वडा दुई वा सो भन्दा वढि भएमा सम्वन्धित सवै वडा को समन्वयमा उ.स गठन गर्नु पर्नेछ ।

१४. प्रचलित ऐन, नियम, प्रक्रिया र मापदण्ड विपरित उपभोक्ता समिति वा अनुगमन समिति गठन गरेको पाईएमा यसरी गठन वा सिफारिस गर्ने कर्मचारी, सामाजिक परिचालक, व्याक्ति वा संस्थालाई कारवाही हुनेछ ।

१५. नगद सहभागिताको लागी रकम नउठाए तापनि कम्तिमा २०% कार्य प्रगतिमा अनिवार्य सहभागीता हुनु पर्दछ ।

१६. प्रत्येक योजनाहरुमा अनिवार्य रुपमा होर्डिङ वोर्ड राख्नुपर्दछ ।

१७. अन्य कुराहरु स्थानिय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धि आदेश २०७४ वा अन्य प्रचलित कानुन वमोजिम हुनेछ ।

१८. उपभोक्ता समितिको खाता खोल्नको लागी वडा नं. १ देखी ६ सम्मको एन.एम.वि वैंक लि. तथा वडा नं ७ देखी १४ सम्म र न.पा को योजनाको लागी नेपाल वैंक लि. मा पठाउने ।

१९. रु ५०,०००।- (पचास हजार) भन्दा साना योजनाहरुको लागी अनिवार्य रुपमा वैंक खाता खोल्न वाध्य नगर्ने ।

२०. वडा कार्यालयहरुवाट विनियोजन गरेको वजेट तथा न.पा वाट विनियोजन गरेको वजेटवाट कार्य गर्दा नगरपालिकाको जे.सि.भि प्रयोग गर्न लगाउने र जे.सि.भि भाडा प्रति घण्टा रु १,५००।- (अक्षेरेपी एक हजार पाँच सय रुपैयाँ मात्र) तेल बाहेक रहेको जानकारी गराउने ।

**वोधार्थ**

कम्प्युटर तथा विधुतिय शाखा

WEBSITE अपलोड गरिदिनु हुन

..............................

गुरुदत्त सुवेदी

कार्यकारी अधिकृत

गुरुदत्त सुवेदी
कार्यकारी अधिकृत